आज मिति २०८२/११/२७ गते बुधबारको दिन यस शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को बाहौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो।

उपस्थितः-

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष | |
| २ | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष | |
| ३ | श्री उदयराज गडेरिया पाल | वडाध्यक्ष | |
| ४ | श्री कमल खड्का क्षेत्री | वडाध्यक्ष | |
| ५ | श्री हेम बहादुर खड्का | वडाध्यक् | |
| ६ | श्री केशव प्रसाद अधिकारी | वडाध्यक्ष | |
| ७ | श्री चन्द्रभान चौधरी थारु | वडाध्यक्ष | |
| ८ | श्री उपेन्द्र साहनी | वडाध्यक्ष | |
| ९ | श्री भिम नारायण चौधरी | का.वा. वडाध्यक्ष | |
| १० | श्री शान्ति सुनार | कार्यपालिका सदस्य | |
| ११ | श्री पवित्रा थारु | कार्यपालिका सदस्य | |
| १२ | श्री गिता नेपाली | कार्यपालिका सदस्य | |
| १३ | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य | |
| १४ | श्री राममिलन लोध | कार्यपालिका सदस्य | |
| १५ | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री लेख बहादुर बस्नेत | सदस्य - सचिव | |
| | आमन्त्रित | | |
| १ | तुलसा अर्याल | सहायक प्रशासकीय अधिकृत | |
| २ | ईश्वरी न्यौपाने | सूचना प्र.अ. | |
| ३ | गंगा बरडाले | कार्यालय सहयोगी | |
| ४ | | | |

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।११।२७ गतेको बैठकका निर्णयहरु:**

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।११।२७ गतेको बैठकका निर्णयहरु:**

१. अघिल्लो कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो ।

२. शुद्धोदन गाउँपालिकाले तपसिल अनुसारका नदीका घाटहरुबाट चालु आर्थिक वर्षमा नदिजन्य पदार्थ विक्रि व्यवस्थापन गर्ने कार्य अगाडी वढाएकोले उक्त घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि व्यवस्थापन गर्ने कार्यमा आ-आफ्नो क्षेत्रबाट सबैले आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | घाटको नाम | नदिको नाम |
|---|---|---|---|
| १ | १ | सिकरा घाट, बेलवा घाट र बेलहिया घाट | दानव र ईङ्गुरिया |
| २ | २ | सिसौघारी घाट र कोलुवा घाट | दानव |
| ३ | ३ | बाँसघारी घाट र सखुवानी घाट | तिनाउ |
| ४ | ६ | नौडिहवा घाट, गुरौली घाट, गुरौली भैरहवा घाट र धनौरा घाट | दानव |
| ५ | ७ | सिसवा घाट, बोहरवा घाट र मधुवनी घाट | दानव |

३. थारु संस्कृति संरक्षण समितिलाई सीता विवाह नाटक प्रदर्शन कार्यक्रम २०८२ कार्यक्रम गरेवापत गाउँपालिकाको वार्षिक विकास कार्यक्रमको पेज नं. १६५ क्र.सं. ८ थारु लक्षित कार्यक्रमबाट रु. २० हजार रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

४. रातो लाल्टिन पत्रिकालाई सन्देश मुलक सुचना प्रकाशित गरेवापत गाउँपालिकाको वार्षिक विकास कार्यक्रमको पेज नं. १२५ क्र.सं. ३४ र ३५ पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च शिर्षकवाट रु. १० हजार रकम उपलब्ध गराउने निर्णय गरियो।

५. गाउँपालिकाको हिउँदे अधिवेशनबाट रमवापुर सिचाइ बोरिङको लागि समरसेवल पम्प जडान वडा नं. ३ अन्तर्गत विनियोजन भएको रकम रु. ३ लाखलाई संशोधन गरी रमवापुर सिचाइ बोरिङ अन्तर्गतकै जनकपुर दुर्गा मन्दिर जल उपभोक्ता समितिमा समरसेवल पम्प जडान गर्ने निर्णय गरियो ।

६. शुद्धोदन गाउँपालिकाको वडा नं. ५ दर्वाह टोलमा पानीको उपयुक्त निकासको लागि ह्युम पाइप जडान गरी कार्य अगाडी बढाउन प्राविधिक लागत अनुमान तयार गरी लागत अनुमान अनुसारको रकम गाउँपालिकाको वार्षिक विकास कार्यक्रमको पेज नं. १३८ क्र.सं. १०५ ह्युम पाइप खरिद तथा व्यवस्थापन शिर्षकबाट रकम उपलब्ध गराउने सम्बन्धमा ।

७. सियारी गाउँपालिका वडा नं. ६ निवासी निजको श्रीमति निर्मला कुमारी गुप्ताको नाममा दर्ता कायम रहेको यस गाउँपालिकाको वडा नं. ७ मा रहेको सिट नं. ०९८/१४०८, कित्ता नं. ८७६ मा



CamScanner

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।११।२७ गतेको बैठकका निर्णयहरुः**

नदिजन्य पदार्थ भण्डारण गर्न रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका-१३ बस्ने श्री यम रानालाई जग्गा उपलब्ध गराए वापतको रकम उपलब्ध गराइदिन मध्यस्तता गर्न निवेदन दिएकोले निजको कामको लागि आवश्यक समन्वय र सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

८. ४४ औं मगर दिवसको उपलक्ष्यमा गरेका कार्यक्रमहरुको रकम रु.१ लाख वार्षिक विकास कार्यक्रमको पेज नं. १६५ सि.नं. १० मगर लक्षित कार्यक्रमबाट उपलब्ध गराउने सम्बन्धमा ।

९. जिल्ला प्रशासन कार्यालय रुपन्देहीको BAA 1333 नं. को Scorpio मर्मत सम्भार गर्दा लागेको रु. १०२९३२.१७/- कम्पनीको आधिकारिक [illegible] सेन्टर लोक शुशिला अटो कन्सर्नलाई वार्षिक विकास कार्यक्रमको पेज नं. १२५ सि.नं. २५ र २६ मेशिनरी तथा औजार मर्मत संभार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१०. रुपन्देही जिल्लाको जिल्ला दररेटमा छाप्ने ढुङ्गाको दररेट नभएकोले पाल्पा जिल्लाको आ.व. २०८२/८३ को लागि स्वीकृत दररेटको आधारमा लागत अनुमान तयार गरी कार्य सम्पादन गर्ने निर्णय गरियो ।

११. जिल्ला सहकारी संघ लि. रुपन्देही सहकारी दर्पण-२०८२ प्रकाशन गर्ने कार्यमा शुभकामना उपलब्ध गराए वापत गाउँपालिकाको वार्षिक विकास कार्यक्रमको पेज नं. १२५ क्र.सं. ३४ र ३५ पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च शिर्षकबाट रु. १० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

१२. शुद्धोदन गाउँपालिकाको वडा नं. ५ अन्तर्गत अतिरिक्त हुलाकमा कार्यरत तथा वडा कार्यालयको समेत दर्ता चलानीमा सहयोग गर्ने कर्मचारी श्री कृष्ण कुमार थारुको श्रीमती श्री जय कुमारी थारुलाई गाउँपालिकाको वार्षिक विकास कार्यक्रमको पेज नं. १३१ क्र.सं. १३२, १३६ र १३७ खर्च शिर्षकबाट रु. २० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

१३. शुद्धोदन गाउँपालिकाको वडा नं. ४ बस्ने किशुन चन्द्र चौधरीको श्रीमती श्री धनमाया चौधरीको उपचारको लागि गाउँपालिकाको वार्षिक विकास कार्यक्रमको पेज नं. १३१ क्र.सं. १३२, १३६ र १३७ विपद समितिको निर्णय बमोजिम आर्थिक सहायता र सामाजिक सहायता (व्यक्ति संघसंस्था आर्थिक सहायता समेत) खर्च शिर्षकबाट रु. २० हजार रकम किशुन चन्द्र चौधरीलाई उपलब्ध गराउने निर्णय गरियो ।

१४. शुद्धोदन गाउँपालिकाको वडा नं. ४ मा रहेको साविकको फर्साटिकर सिद्धार्थ ईङ्गलिस बोर्डिङ स्कुलको नाम परिवर्तन गरी सिद्धार्थ मोर्डन स्कुल नामाङकरण गर्ने निर्णय गरियो ।

१५. शुद्धोदन गाउँपालिकाको स्थानीय विषयको पाठ्यपुस्तक हाम्रो शुद्धोदन (कक्षा १ देखि ८ सम्म) छपाइका लागि शुद्धोदन गाउँपालिका रुपन्देहीको बोलपत्र मुल्याङ्कन समितिको मिति २०८२।११।११ को सिफारिस बमोजिम सबै भन्दा कम प्रति पृष्ठ रु. ०.९१ (मु.अ.कर समेत) अक्षरुपी एकानब्बे पैसा मात्र दररेट पेश गरेको मल्टीकलर प्रिन्टर्स प्रा.लि. बुटवल रुपन्देहीको दरभाउ पत्र स्वीकृत गर्ने निर्णय गरियो ।